आज मिति २०७२ साल चैत २२ गतेका दिन विहान ९:३० बजे इलाम नगरपालिकाका कार्यालयका कार्यकारी अधिकृत/प्रमुख श्री महेन्द्रकुमार खाम्याहाङ्गको अध्यक्षता तथा देहायको उपस्थितिमा इलाम नगरपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

१. प्रमुख, श्री महेन्द्रकुमार खाम्याहाङ्ग, का. अ., इलाम नगरपालिका कार्यालय

**अन्य उपस्थिति**

१. प्रशासकीय अधिकृत श्री रामकुमार शाह, कर्मचारी प्रशासन शाखा, इलाम नगरपालिका कार्यालय
२. लेखा अधिकृत श्री रामकुमार श्रेष्ठ, आर्थिक प्रशासन शाखा, इलाम नगरपालिका कार्यालय
३. लेखा अधिकृत श्री महेश काफले, आन्तरिक लेखा परीक्षण शाखा, इलाम नगरपालिका कार्यालय
४. ईन्जिनियर श्री दीपकप्रसाद गुरागाईं, योजना शाखा, इलाम नगरपालिका कार्यालय
५. शहरी शासन विज्ञ श्री भीमसेन श्रेष्ठ, स्था.शा.तथा सा. शा. का., इलाम नगरपालिका
६. सूचना प्रविधि विज्ञ श्री रञ्जन दाहाल, स्था.शा.तथा सा. शा. का., इलाम नगरपालिका

**निर्णय नं. १.** नेपाल सरकारबाट २०७२।०६।१३ गते जारी गरिएको **बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२** मा रहेको आधारभूत प्रावधानका आधारमा यस इलाम नगरपालिकाको विकास निर्माण (पहिलो संशोधन) मापदण्ड, २०७२ यस नगरपालिकाको २०औं नगर परिषद् बैठकबाट पारित गरी कार्यान्वयन गर्ने सन्दर्भमा मेची राजमार्ग, जिल्ला सडक सञ्जाल (DRCN) र गाउँ सडक सञ्जाल (VRCN) को सार्वजनिक सडक ऐन, २०३१ र Nepal Rural Road Standards (2055) मा चौडाइ देहायानुसार अस्वाभाविकरुपमा बढी रहेकोमा यस नगरपालिका लगायत जिल्लाकै भौगोलिक अवस्थिति र उपयोगको अवस्था समेत हेर्दा भूस्वामित्व भएका सेवाग्राहीहरुले प्राविधिक तथा कानुनीरुपमा सोको उपयोग गर्न जटिलता रहेको गुनासो बारम्बार कार्यालयमा आएको सन्दर्भमा उल्लिखित सडकहरुको देहायानुसार सडक चौडाइ कायम गरी पाउन श्री भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, श्री सहरी विकास मन्त्रालय र श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा जिल्ला विकास समितिको कार्यालय, इलाममार्फत् अनुरोध गर्ने तथा यस खालको कार्यान्वयन तहको प्रावधान कार्यान्वयन हुन कठिनाइ भएकाले बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को बुँदा नं. १५.१ अनुसार व्यवस्था हुन उल्लिखित मन्त्रालयहरुमा अनुरोध गर्न मिति २०७२।१२।२२ गतेका दिन विहान ७:३० बजे इलाम नगरपालिकामा बसेको सर्वदलीय संयन्त्रको बैठकसमेतको निर्णयका आधारमा देहायानुसार हुने व्यवस्थाका लागि श्री जिल्ला विकास समितिको कार्यालय, इलाममा अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

**१. सार्वजनिक सडक ऐन, २०३१**

| सडक | वर्तमान सडक अधिकार क्षेत्र ( केन्द्रबाट दुवैतिर) | सेट ब्याक | समस्या | कायम हुनुपर्ने सडक अधिकार क्षेत्र ( केन्द्रबाट दुवैतिर) | सेट ब्याक | औचित्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| भद्रपुर – चाराली– इलाम– फिदिम | १५/१५ मिटर | ६ मिटर | अधिकांश जनताको जग्गा RoW मा परी भूमिहिन भई सहरी गरिवी बढी द्वन्द्वको अवस्थाबाट सुशासन प्रबर्द्धनमा बाधा पर्ने । | १२/१२ मिटर | ३ मिटर | आफ्नो भूमिको यथोचित उपयोग हुने र घरबास तथा अन्य भौतिक सम्पत्तिको भोग चलनको उपयुक्त हक प्राप्त भएमा जनता खुशी भई सुशासन प्रबर्द्धन हुने । | माग : इलाम नगरपालिका सिफारिस र सहजीकरण: जिविस, इलाम संशोधन : सं. मा. तथा स्थानीय वि.मं. को सहजीकरणमा भौतिक पूर्वाधार तथा यातायात व्य. मं. र सहरी विकास मन्त्रालय |

**२. Nepal Rural Road Standards (2055) : MoFALD (DOLIDAR), September, 2012**

| सडक | वर्तमान सडक अधिकार क्षेत्र ( केन्द्रबाट दुवैतिर) | सेट ब्याक | समस्या | कायम हुनुपर्ने सडक अधिकार क्षेत्र ( केन्द्रबाट दुवैतिर) | सेट ब्याक | औचित्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| DRCN (District Road Core Network) | १०/१० मिटर | ६ मिटर | अधिकांश जनताको जग्गा RoW मा परी भूमिहिन भई सहरी गरिवी बढी द्वन्द्वको अवस्थाबाट सुशासन प्रबर्द्धनमा बाधा पर्ने । | ५.५/५.५ मिटर | ३ मिटर | आफ्नो भूमिको यथोचित उपयोग हुने र घरबास तथा अन्य भौतिक सम्पत्तिको भोग चलनको उपयुक्त हक प्राप्त भएमा जनता खुशी भई सुशासन प्रबर्द्धन हुने । | माग : इलाम नगरपालिका सिफारिस र सहजीकरण: जिविस, इलाम संशोधन : सं. मा. तथा स्थानीय विकास मन्त्रालय |
| VRCN (Village Road Core Network) | ७.५/७.५ मिटर | ३ मिटर | अधिकांश जनताको जग्गा RoW मा परी भूमिहिन भई सहरी गरिवी बढी द्वन्द्वको अवस्थाबाट | ४.५/४.५ मिटर | २ मिटर | आफ्नो भूमिको यथोचित उपयोग हुने र घरबास तथा अन्य भौतिक सम्पत्तिको भोग | माग : इलाम नगरपालिका सिफारिस र सहजीकरण : जिविस, इलाम संशोधन : सं. मा. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सुशासन प्रवर्द्धनमा बाधा पर्ने । | | | चलनको उपयुक्त हक प्राप्त भएमा जनता खुशी भई सुशासन प्रवर्द्धन हुने । | तथा स्थानीय विकास मन्त्रालय |

**निर्णय नं. २.** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३३ (२) अनुसार गठन हुने गठन हुने नगर सुपरिवेक्षण तथा अनुगमन समितिले ऐ. कार्यविधिको ऐ. दफाको उपदफा (४) अनुसारको काम कर्तव्य र अधिकारअन्तर्गत खण्ड (ग) र खण्ड (घ) मा उल्लिखित कार्य अनुगमन तथा चौमासिक प्रतिवेदन इलाम नगरपालिकासमक्ष गर्न ऐ. कार्यविधिको ऐ. दफाको उपदफा (७) अनुसार निम्नानुसारको उपसमिति गठन गरी अनुगमन, सुपरिवेक्षण र प्रतिवेदन गर्ने व्यवस्था गर्न मिति २०७२।१२।२२ गतेका दिन विहान ७:३० बजे बसेको सर्वदलीय संयन्त्रको बैठकबाट निर्णय भएअनुसार उक्तानुसार हुन निर्णय गरियो ।

**सुपरिवेक्षण तथा अनुगमन उपसमिति**

१. संयोजक श्री होम बस्नेत, नेपाली कांग्रेस
२. सदस्य श्री तिलक ठकुरी, नेकपा एमाले
३. सदस्य श्री प्रवास शर्मा, एनेकपा माओवादी
४. सदस्य श्री डिगबहादुर कोइराला, राप्रपा
५. सदस्य श्री बखतबहादुर आङदेम्बे, सं. स. फो. नेपाल

**निर्णय नं. ७.**

यस नगरपालिकाको २० औं नगर परिषद् बैठकबाट पारित करका दर लगायत इलाम नगरपालिकाको विकास निर्माण (पहिलो संशोधन) मापदण्ड, २०७२ का सम्बन्धमा स्थानीय सरोकारवालाहरुको गुनासोहरु इलाम नगरपालिकामा प्राप्त भएको सन्दर्भमा सरोकारवालाप्रतिको जवाफदेहिता बोध गर्दै सोसम्बन्धी हालसम्म भएका काम, कार्यवाही र कर, सेवा शुल्क बृद्धि गर्नुपर्ने औचित्य सरोकारवालाहरुलाई जानकारी गराई नगरको विकासमा जनताको उच्च योगदानको महसुसीकरणका लागि निम्न **अवस्था पत्र** ( **Status Paper** ) नगरपालिकाको आधिकारिक वेब साइट www.ilammun.gov.np मा राख्न तथा सम्भव भएसम्म स्थानीय पत्रपत्रिकामा प्रकाशन गरी नगरवासीहरुलाई सुसूचित गराउन निर्णय गरियो ।

## इलाम नगरपालिकाको राजस्वका दर, रेटसम्बन्धी निर्णय गर्ने कानुनी व्यवस्था र वर्तमान बृद्धिको औचित्य

**(क) कानुनी आधार :**

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९० अनुसार साउन र पुष महिनामा, वर्षको २ पटक नगर परिषद् बैठक बस्ने व्यवस्था छ ।
- ऐ. ऐनको परिच्छेद ८ कर शुल्क, सेवा शुल्क, दस्तूर र भाडासम्बन्धी व्यवस्था दफा १३६ देखि दफा १४३ सम्म र दफा १४४ मा पार्किङ्ग तथा दफा १४५ मा फोहरमैला व्यवस्थापन तथा खानेपानी सेवा शुल्क सम्बन्धी व्यवस्था छ ।
- उल्लेखित ऐनअनुसार निर्मित स्थानीय स्वायत्त शासन (संशोधनसहित) नियमावली, २०५६ को नियम १४० देखि १४८ सम्मको व्यवस्थाका आधारमा अनुसूची १० को दर दायरामा कर सेवा शुल्क लिने व्यवस्था छ ।

**(ख) पृष्ठभूमि :**

- इलाम नगरपालिका आर्थिक वर्ष २०६६।०६७ देखि नै वित्तीय जोखिमको अवस्थाबाट गुज्रिरहेको, समयमा कर्मचारीहरुलाई तलव भत्ता तथा अवकाश भएका कर्मचारीलाई उपदान समयमा दिन नसकिएको, उपभोक्ता समिति तथा निर्माण व्यवसायीले काम सम्पन्न गरिसक्दा समेत संझौताअनुसारको रकम भुक्तानी दिन नसकिएको, कार्यालय सामान उपलब्ध गराउने सप्लायरहरुलाई समयमा भुक्तानी दिन नसकिएको जस्ता कुराहरुले नगरपालिकाको साख नै गिर्दो अवस्थामा रहेको र हाल आ. व. २०७२।०७३ सम्म रु.३ करोड ५० लाखभन्दा बढी रकम भुक्तानी गर्न बाँकी नै रहेको जस्ता कारणले सो सम्बन्धमा श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अनुगमन टोलीमार्फत् मिति २०७२।९।१७ मा भएको अनुगमनको समयमा प्राप्त निर्देशनअनुसार स्थानीय स्वायत्त शासन (संशोधनसहित) नियमावली, २०५६ मा उल्लेखित कानुनी व्यवस्थाबमोजिम नगरपालिकाले आफ्नो क्षेत्रमा लगाउन सक्ने करको दर र दायरालाई सामान्यतया: नगरपालिकाको साधारण खर्च धान्न सक्ने तवरले परिमार्जन र व्यवस्थापन गरी नगरपालिकाको आन्तरिक स्रोत अभिबृद्धि गरी हालको वित्तीय जोखिम (आर्थिक संकट) को अवस्थाबाट मुक्त हुने अवस्था ल्याउनु पर्ने अवस्था रहेको ।
- *स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९* को दफा ७ अनुसार यस नगरपालिकामा अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त हुने पूँजीगत अनुदान **जनसंख्याले ५०, क्षेत्रफलले १०, भारित गरिबीले २५ र भारित आन्तरिक कर प्रयासले १५ प्रतिशतका** हिसावले हुने सूत्रका आधारमा बाँडफाँड हुने भएको हुँदा **मन्त्रालयबाट पूँजीगत अनुदान समेत विगत केही वर्षहरुदेखि कम विनियोजित हुँदै आएको कारण नगरपालिका कमजोर हुँदै आएकाले हाल नगरपालिकाको आन्तरिक आय अभिबृद्धि हुनु अत्यावश्यक** भएको हुँदा हालको दरमा कर बृद्धि र व्यवस्थापन गरिएको छ ।
- नगरपालिकाले दिनुपर्ने सेवा सुविधाको क्षेत्र र खर्च वार्षिक रुपमा बृद्धि हुँदै गएअनुसार सो खर्चलाई धान्न सक्ने गरी आन्तरिक आयमा वार्षिकरुपमा बृद्धि नगर्दा एकातर्फ खर्चलाई धान्न नसकिने र अर्कोतर्फ मन्त्रालयबाट वितरण हुने पूँजीगत अनुदानको सूत्रमा भारित आन्तरिक कर प्रयासको प्रतिशत पुग्न नसकेको अवस्थाले मन्त्रालयबाट आउने पूँजीगत अनुदानमा समेत असर गरिरहेको अवस्था भएको । साथै न्यूनतम् शर्त तथा कार्यसम्पादन (MCPM : Minimum Conditions and Performance Measures) कार्यविधिअनुसार पनि नगरपालिकाले अघिल्लो वर्षको तुलनामा करको दायरा/क्षेत्र/करदाता संख्या/आय रकम बृद्धि गर्नुपर्ने कानुनी व्यवस्था छ ।
- नगरपालिकाले ऋण अनुदान ल्याएर सपिङ कम्प्लेक्स बनाउने योजना अगाडि सारिरहदा नगरपालिकाको आन्तरिक राजश्व असुली तथा आय कम भएको कारणले नगर विकास कोष, एसियाली विकास बैंक जस्ता ऋणदाता संस्थाहरुले नगरपालिकाको **ऋण तिर्न सक्ने क्षमता** (Borrowing Capacity) विश्लेषण गर्दा इलाम नगरपालिकाको अवस्था कमजोर देखिएको हुँदा ठूलाठूला आयोजना ल्याउन तथा सञ्चालन गर्न नसक्ने स्थितिबाट गुज्रिरहनु परेको छ ।

- ऋण लिई खानेपानी आयोजना सञ्चालन गर्न समेत नगरपालिकाको आन्तरिक आम्दानी मजबुत नभई ऋण दिने निकायबाट ऋण स्वीकृत हुन सक्दैन, आयोजना सञ्चालन गर्न सम्भव छैन ।

**(ग) प्रयास :**

- नगरपालिकाको आन्तरिक राजश्व कम भएकै कारणले चालु खर्चलाई समेत धान्न कठिन भइरहेको स्थिति रहेको । आर्थिक वर्ष २०७२।०७३ को लागि संशोधित आन्तरिक आय रु २ करोड ५२ लाख अनुमान गरिएकोमा चालु वर्षको श्रावणदेखि फागुन मसान्तसम्म रु १,३७,६८,१२४।०० मात्र असुली भएको, अनुमानअनुसार ८ महिनामा प्रति महिना रु २१ लाखका दरले १,६८,००,००००० हुनु पर्नेमा चालु वर्षको लक्ष्यमा पुग्न समेत कठिन हुने देखिएको छ ।
- २०औ नगर परिषद्को बैठकबाट पारित दर हेर्दा एकीकृत सम्पत्तिकरमा कुनै पनि बढोत्तरी नभएको, व्यवसाय करलाई नियमावलीअनुसार बृद्धि गरिएको र धेरै रकम बुझाउनु पर्ने व्यवसायीलाई नियमावलीको अधिकतम रकम नलगाइएको जस्तैः ज्वेलरीलाई अधिकतम् १०,०००।०० भनिएकोमा रु ७,५००।०० मात्र लगाइएको, चुरोट रक्सीका डिलरलाई अधिकतम् रु १०,०००।०० भनिएकोमा रु ५,०००।०० मात्र लगाइएको, होटललाई अधिकतम् रु ५०,०००।०० भनिएकोमा साधारण होटललाई रु २,५००।०० र चियानास्ता पसललाई रु १,५००।०० मात्र लगाइएको । फोटो स्टुडियो तथा सिलाइ पसललाई अधिकतम् रु १,५००।०० भनिएकोमा रु १,३००।०० मात्र लगाइएको । कपडा पसल तथा किराना पसलाई अधिकतम् रु १,०००।०० भनिएकोमा १,०००।०० मात्र लगाइएको । व्यवसाय करको यस दरलाई समेत थप व्यावहारिक बनाउनका लागि प्रतिवेदन दिने कार्यदलले व्यवसायलाई क, ख, ग, र घ श्रेणीमा विभाजन गर्ने प्रस्ताव गरी ग र घ श्रेणीका व्यवसायीलाई २०औ परिषद्बाट पारित दरभन्दा कम गरी व्यावहारिक बनाउने प्रस्ताव तयार भएको । यो तयार गरिएको प्रस्तावलाई थप छलफल गरी आगामी परिषद् बैठकमा व्यावहारिक बनाउन प्रयास भइरहकेको छ ।
- खानेपानी सेवा शुल्क बृद्धि गरिएको सन्दर्भमा गत आ. व. २०७१।०७२ मा खानेपानीतर्फको आय रु.४३,१३,३१०।८० र खर्च रु. ५६,८१,८८६।८७ रहेको कारण बृद्धि गर्नुपर्ने बाध्यता रहेको र खानेपानीलाई तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका रुपमा लैजानका लागि दातृ निकायबाट खानेपानी सेवा शुल्क बृद्धि गर्दै लैजानु पर्ने, अन्यथा आयोजना सञ्चालनमा नै कठिनाइ हुने सुझाव प्राप्त भई परामर्शदाताबाट सर्भे गर्दा समेत इलामको खानेपानीको न्यूनतम् शुल्क रु ३५०।०० कायम गर्न परामर्श प्राप्त भएको । यस वर्ष २०७२।१०।०१ देखि लागु हुने गरी न्यूनतम् महसुलमा रु.१००।०० र रु.७५।०० लाई क्रमशः रु.२००।०० र रु.१५०।०० कायम गरी चालु आ. व. २०७२।०७३ मा रु. ५९ लाख आम्दानी प्रस्ताव गरिएको छ ।
- फोहोरमैला सेवा शुल्क बृद्धि भएको सन्दर्भमा सरसफाइमा गत वर्ष नै पनि रु ५३,३५,७३४।७० खर्च भएको, चालु आर्थिक वर्षमा रु ३१,५२,६२३।०० खर्च हुने अनुमान भएको साथै यस नगरको फोहोरमैला व्यवस्थापनको कार्य निजी क्षेत्रमा लैजाने गरी दातृ निकाय समेतको सहयोगमा कार्यक्रमहरु सञ्चालन भइरहेको हुनाले सो कार्यलाई सफल गर्न र नगरलाई सफा राख्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डका आधारमा मासिक सरसफाइ शुल्क लगाइएको छ । यस शीर्षकमा आ.व. २०७२।०७३ मा रु. ११ लाख मात्र आम्दानी प्रस्ताव गरिएको छ ।
- आन्तरिक राजश्व बृद्धिको सन्दर्भमा नगरपालिका कार्यालयबाट असुल हुने विभिन्न दस्तुरहरूमा समयानुकूल बृद्धि गरिएको र सेवा सुविधालाई छिटोछरितो गर्ने प्रयत्न भइरहेको छ ।
- नगरपालिका कर उठाउने निकाय मात्र नभई करदाताको कर तिर्ने क्षमतालाई अभिबृद्धि गर्नु समेत आवश्यक रहेको हुँदा विगतमा उद्योग वाणिज्य संघलाई व्यवसाय करबाट उठेको रकमको २० प्रतिशत रकम दिने भनिएकोमा रकम अभावकै कारण रकम दिन नसकिएको, तर २०औं नगर परिषद् बैठकबाट करदाताको कर तिर्ने क्षमतामा अभिबृद्धिका क्रियाकलापहरू गर्नका लागि व्यवसाय करबाट उठेको रकमको २५ प्रतिशत रकम उद्योग वाणिज्य संघलाई र होटल व्यवसायबाट उठेको रकमको १५ प्रतिशत रकम होटल एसोसिएसनलाई दिने निर्णय भई उद्योग वाणिज्य संघलाई रु २,१५,९१५।०० रकम उपलब्ध गराइ सकिएको छ । साथै व्यवसायीको व्यवसाय प्रबर्द्धन हेतु होटल एशोसिएसनलाई पर्यटन सूनचा केन्द्र सञ्चालन गर्न रु.१,००,०००।०० र अन्य कार्यक्रमका लागि रु.१५,०००।०० र इलाम उद्योग वाणिव्य संघ इलामलाई किवी महोत्सव र फुड फेष्टिवल कार्यक्रमलाई समेत रु.५५,०००।०० बजेट विनियोजन गरिएको छ ।
- मिति २०७२।९।१३ मा बसेको नगरस्तरीय राजश्व परामर्श समिति एवम् स्थानीय राजनीतिक दलको सर्वदलीय संयन्त्रको बैठकबाट नगरपालिकाको आन्तरिक स्रोततर्फ आर्थिक वर्ष २०७२।०७३ को लागि संशोधित आय रु २,५२,००,०००।०० र आर्थिक वर्ष २०७३।०७४ को लागि अनुमानित आय रु ३,०८,९१,०००।०० प्रक्षेपण गर्ने र स्थानीय स्वायत्त शासन ऐन र नियमावलीको दायरामा रही कार्यालयबाट परिषद्मा लैजाने र कार्यान्वयन गर्ने सैद्धान्तिक सहमति तथा निर्णय भई स्थानीय स्वायत्त शासन ऐन नियमावलीको दायरामा आन्तरिक स्रोततर्फको करको दर तथा दायरा अभिबृद्धि गरी इलाम नगरपालिकाको २०औं नगर परिषद्बाट पारित गरेर कार्यान्वयन भइरहेको छ । सो प्रस्तावित आम्दानीका आधारमा चालु आर्थिक वर्षमा रु. ९ करोड बराबरको र आगामी आर्थिक वर्षमा रु.१० करोड बराबरको पूँजीगत कार्यक्रमहरु सञ्चालन हुने सुनिश्चित गरिएको छ ।

**(घ) प्रभाव/असर :**

- मिति २०७२।१०।०५ गतेका दिन उद्योग वाणिज्य संघको नेतृत्वमा कर बृद्धिका सम्बन्धमा स्थानीय राजनीतिक दलहरु समेतको हस्ताक्षरसहितको असहमतिको विज्ञप्ति प्रेषित भएकाले मिति २०७२।१०।०६ गतेका दिन नगरपालिकामा चालु करका दर दायरामा प्रतिबेदन दिन सर्वपक्षीय बैठकबाट कार्यालयका प्र. अ. श्री रामकुमार शाहको संयोजकत्वमा श्री विजय खाकी, महासचिव, उ. वा. सं. इलाम र श्री पविमाया गुरुङ्ग, वरिष्ठ उपाध्यक्ष, होटल एसोसिएसन इलाम सदस्य भएको समिति गठन भई २०७२।११।२६ मा प्राप्त प्रतिवेदन सुझाबका लागि सबै राजनीतिक दलहरु र सरोकारवालामा पठाइएकोमा सुझाव प्राप्त हुने क्रम रहेको छ । उक्त सुझावसमेतका आधारमा नगरपालिका कार्यालय वित्तीय जोखिमबाट मुक्त हुने अवस्था सिर्जना गर्ने र आधारभूत सेवाहरु प्रवाह हुन बाधा नपर्ने गरी आगामी नगर परिषद् बैठकबाट करको दर तथा दायरालाई प्रचलित ऐन नियमसंगत तवरले परिमार्जन गर्न सकिने अवस्था छ ।
- उल्लिखित कर, सेवा, शुल्क आदिको दरमा चित्त नवुझेकाले सोलाई परिमार्जन हुन भनि मिति २०७२।१२।०८ मा इलाम सरोकार समिति र मिति २०७२।१२।१० मा ऐ. महिनाको १५ गतेसम्ममा परिमार्जन हुन, अन्यथा आन्दोलन गर्ने ज्ञापन पत्र कार्यालयमा प्राप्त भएकोले कार्यालयबाट तत्काल परिषद् बैठक नभएका बेला परिषद् बैठकको निर्णय गर्न सकिने, नसकिनेसम्बन्धी मन्त्रालयबाट निर्देशन प्राप्त हुन अनुरोध गरिएकोमा हालसम्म कुनै निर्देशन प्राप्त हुन आएको छैन । निर्देशन प्राप्त भएपछि नगरपालिकाबाट उचित निर्णय गरी गुनासो व्यवस्थापन गर्न प्रयास हुनेछ ।
- गणेशप्रसाद आचार्यलगायत वडा नं. ६ तिल्केनीबाट सडक मापदण्डका सन्दर्भमा मिति २०७२।१२।१४ मा डेलिगेसन आई निवेदन पेश गरिएको ।

- यस नगरपालिकाको २०औं नगर परिषद्बाट पारित गरी कार्यान्वयनमा रहेको कर तथा सेवा शुल्कका दर तथा दायराहरू बढी भएको भन्ने इलाम सरोकार समिति इलाम र क्रियाशील युवा व्यवसायी मञ्च इलामको ज्ञापन पत्रलाई गम्भीरतापूर्वक मनन गरिएको र नगर परिषद् बैठकबाट गरिएको निर्णय संशोधन गर्ने सम्बन्धमा नगर परिषद बैठक साउन र पौष महिनामा वर्षको २ पटक मात्र बस्ने कानुनी व्यवस्थालाई मध्यनजर गरी तत्सम्बन्धी विषयमा नगर परिषद्बाटै निर्णय गर्ने वा नगरपालिका बैठकबाटै निर्णय गर्न सकिने वा अन्य व्यवस्थापन गर्ने सम्बन्धमा समेत प्रचलित कानुनी आधारहरुको अध्ययन भइरहेको छ।
- इलाम नगरपालिकामा मिति २०७२।१२।१३ गतेका दिन दलीय संयन्त्रको बैठकबाट उल्लिखित अवस्था जानकारी भई विधिसम्मत तरिकाले प्रचलित ऐन, नियमका आधारमा जायज गुनासोहरु व्यवस्थापन गर्दै जाने र घोषित आन्दोलनका कार्यक्रमहरु नगर्न सबै सरोकारवालाहरुलाई कार्यालयमार्फत् लिखित अनुरोध गर्ने निर्णय भएअनुसार इलाम सरोकार समिति र क्रियशील युवा व्यवसायी मञ्च इलामलाई पत्राचार गरिएको । पुनः क्रियशील युवा व्यवसायी मञ्च इलामको नेतृत्वमा २०७२।१२।१५ गतेका दिन कार्यालयमा जुलुस प्रदर्शनसाथ २०७२।१२।२४ सम्ममा कर पुनरावलोकन गर्न अल्टिमेटम दिएको विज्ञप्ति कार्यालयमा प्राप्त भएको छ।
- नगरपालिकाबाट तयार गरिएका ठूला संरचनाहरु जस्तै कोल्डस्टोर, सिटीहल, भ्युटावरको सामान्य मर्मत सुधारमा समेत रकम प्रवाह गर्न नसक्दा संरचनाबाट सोचे जस्तो प्रतिफल आउन नसकेको अवस्थामा त्यस्ता संरचनालाई समयमै मर्मत सुधार तथा गुणस्तर अभिबृद्धि गर्नका लागि नगरपालिकाको कोषमा यथेष्ट रकम भएमा सहज हुने र सो सहजताले नगरपालिकाको आयमा थप बृद्धि ल्याउन सक्ने स्थिति विद्यमान रहेको। बृहत खानेपानी आयोजना सञ्चालन गरी खानेपानी आपूर्तिको व्यवस्थापनमार्फत् इलाम नगरपालिकालाई मानव बसोबासयोग्य बनाउन समेत नगरपालिकाको आन्तरिक श्रोत अभिबृद्धिको प्रयास औचित्यपूर्ण छ।
- नगर क्षेत्रमा वर्षेनी ढलनालीको सरसफाइ/मर्मतसुधार/नयाँ निर्माण जस्ता कुरामा समस्या थपिदै गएको, यस समस्यालाईं न्यूनीकरण गर्नका लागि थप खर्च गर्नु पर्ने अवस्था एकातिर रहेको, अर्कातिर इलाम पर्यटन नगरको रुपमा अगाडि बढिरहेको, हरितनगर भएका कारण सरसफाइ तथा वातावरण संरक्षणमा खर्च बढाउनु पर्ने अवस्था सिर्जना भइरहेको हुनाले यस खर्चलाई व्यवस्थापन गर्नका लागि सरसफाइ सेवा शुल्क लगाउनै पर्ने अवस्था आइपरेको छ।
- २०औं नगर परिषद्पश्चात विगतका कमी कमजोरीमा सुधार गर्दै समयमा तलवभत्ता भुक्तानका कारण कर्मचारीमा उत्साह थपिएको, नगर प्रहरी र दमकल कर्मचारीलाई तालिम, पोशाक जस्ता कुरा दिई थप व्यवस्थित गरिएको, सफाइ कर्मचारीलाई पोशाक व्यवस्थापन भइरहेको, बिग्रिएको गाडीलाई मर्मत गरी सफाइमा सुधार ल्याएको, आन्तरिक राजश्व अभिबृद्धि हुँदै जाने आशामा नगरपालिकाका कर्मचारीहरुको मनोबल बढदै गएको एवम् यसरी अभिबृद्धि भएको मनोबलले नगरवासीरुमा प्रवाह हुने सेवासुविधाको स्तर समेत बढेर जाने जस्ता कुराहरु र वर्तमान वित्तीय जोखिमबाट नगरपालिकालाई मुक्त गराइएमा २०औं नगर परिषद्बाट पारित करको दर तथा दायरालाई व्यावहारिक र वैज्ञानिक बनाउँदै आगामी २।३ वर्ष पछि नगरपालिकाको सेवा सुविधा गुणस्तरीय हुने र नगरवासीको विश्वास जित्न समेत सकिने कुरामा नगरपालिका विश्वस्त रहेको छ।
- सप्लायरको भुक्तानी बाँकी रु. ३० लाख र विगतदेखिको आयोजनाहरुको रु.३ करोड २० लाखभन्दा बढी ( शीतलचोक कालोपत्रे सडक रु.२८ लाख ६४ हजार, सिटी हल रु.१९ लाख, शहरी स्वास्थ्य केन्द्र रु.३५ लाख, कर्मचारी तलब, उपदान रु. ५५ लाख, स्वास्थ्य स्वयम् सेविका प्रोत्सानहन भत्ता, १ लाख ५० हजार, गाडी मर्मत रु.३ लाख, विजुली विल रु.७० लाख, नगर विकास कोषको ऋणको साँवा किस्ता र व्याज रु.३४ लाख (पुष मसान्तसम्म) र अन्य आयोजना रु.७४ लाख ) समेत रु. ३ करोड ५० लाख भुक्तानी दायित्व सुनिश्चित भएकाले कार्यालयको कार्य वातावरणमा सुधार आएको छ (भुक्तानी दवावका लागि दल, पदाधिकारी र कार्यालयमा सदा तनावको अवस्था रहेको थियो)।
- नगरपालिकाको हालको काम कार्यवाहीप्रति सेवाग्राहीमा अपनत्वको अनुभूति भएको सुधारको अवस्थाप्रति सकारात्मक आशा बढ्दै गएको छ।

**(ङ) उपाय र असर :**

- **उपाय :** मन्त्रालयमा माग गरिएको निर्देशन प्राप्त भएमा सोअनुसार नै गर्ने, अन्यथा ज्यादै अव्यावहारिक अनुभूति भएका करको दर दायरालाई आगामी साउनमा मिनि नगर परिषद् बैठक बसी समयानुकूल गराउन सकिने । सडक मापदण्डका विषयमा जिल्ला विकास समिति वा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयमार्फत् संशोधनको प्रक्रिया सुरु गर्नु पर्ने, त्यस वेलासम्म शहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयवीच समन्वय भई मापदण्ड पुनरावलोकन गरी स्थगनको निर्देशन प्राप्त हुनुपर्ने। तवसम्म यही कायम हुनेछ।
- मिति २०७२।१२।१९ गतेका दिन जिल्ला विकास समिति, इलामको संयोजनमा इलाम जिल्लाका श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री जनकराज दाहालज्यूको संयोजकत्वमा इलाम जिल्लाका राजनीतिक दलहरुको पदाधिकारीहरुको बैठकबाट मिति २०७२।१०।०६ मा करका दरसम्बन्धी प्रतिवेदन दिन सर्वपक्षीय बैठकबाट गठित कार्यदलको प्रतिवेदन तथा आज ( मिति २०७२।१२।१९ गतेका दिन) बसेको बैठकबाट प्राप्त सुझावका आधारमा २०७३ श्रावणमा नगर परिषद् बैठक बस्ने र सरोकार पक्षले राखेका उचित गुनासा व्यवस्थापन हुने हुँदा कुनै पनि विरोधका कार्यक्रम नगर्न सरोकारवालाहरुलाई अनुरोध गर्ने समेत निर्णय भएको छ।
- नेपाल सरकारबाट मिति २०७२।०६।१३ मा जारी **वस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२** अनुरुप पारित **इलाम नगरपालिकाको विकास निर्माण (पहिलो संशोधन) मापदण्ड, २०७२** कार्यान्वयनका सन्दर्भमा नगरपालिका क्षेत्रमा रहेको मेची राजमार्ग, जिल्ला सडक (DRCN) र ग्रामीण सडक (VR) को चौडाइ ज्यादै बढी भई व्यक्तिको स्वामित्वमा रहेको जमिन प्राविधिक तथा कानुनीरुपमा उपयोग गर्न स्थानीय भौगोलिक अवस्थितिअनुसार समेत व्यावहारिकरुपमा ज्यादै जटिल महसुस भएको तथा सेवाग्राहीको गुनासो समेत आएको सम्बन्धमा सोको चौडाइ क्रमशः भद्रपुर–चाराली–इलाम–फिदिम सहायक राजमार्गको सेटव्याकसहित ३० मिटर, जिल्ला सडक सेटव्याकसहित १७ मिटर र गाउँ सडक सेटव्याकसहित १३ मिटर कायम गर्न नगरपालिकाबाट जिल्ला विकास समितिको कार्यालय, इलाममार्फत् नेपाल सरकारको सम्बद्ध निकायमा मिति २०७२।१२।२२ को दलीय संयन्त्रको बैठक तथा नगरपालिकाको बैठकबाट अनुरोध गर्ने निर्णय भई उल्लिखित निकायहरुमा अनुरोध गरी पठाइएको छ। अनुरोधअनुसार भई आएपछि सोहीअनुसार हुनेछ।
- **असर :** हालको करको दर र दायरा परिमार्जन गरिएमा २०औं नगर परिषद्बाट पारित आयोजनाहरु सञ्चालन गर्न सम्भव नहुने । यसै आ. व. को पनि संझौता गरिएका आयोजनाहरुको भुक्तानीमा कठिनाइ हुने । आगामी आ. व. को हकमा पूरै योजना र बजेट संशोधन गरेर मात्र आयोजना सञ्चालन गर्न सकिनेछ।
- पुनः चरम् आर्थिक विश्रृंखलताबाट वित्तीय जोखिम बढ्न गई नगरपालिकाको साख गिरी सेवा प्रवाहमा पूर्ववत् अनुभूति भई सुशासन प्रबर्द्धनमा अनिश्चितता पैदा हुनेछ।

**(च) कार्यालयको कर्मचारी विवरण : ९८ जना**

१. खानेपानी तर्फ : गीताङ्गदेखि भञ्ज्याङ्गसम्म ३२ जना

२. दमकल र नगर प्रहरी : १० जना ( ३ जना असाधारण विदा )
३. फोहरमैला व्यवस्थापन : १५ जना
४. शहरी स्वास्थ्य केन्द्र : ७ जना
५. सडक वत्ती : २ जना
५. LGCDP : ११ जना ( १ जना शहरी शासन विज्ञ, १ जना सूचना प्रविधि, ९ जना सामाजिक परिचालक )
६. अन्य : २१ जना ( का. अ. सहित अधिकृतस्तर ५ जना, सहायकस्तर पाँचौ ६ जना, चौंथो ५ जना, का. स. ५ जना )
७. वस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मापदण्ड, २०७२ मा Structural Engineering स्नातकोत्तर उत्तीर्ण १ जना इन्जिनियर राख्ने उल्लेख भएतापनि कार्यालयको चालु खर्च बढ्ने हुनाले राख्न सकिएको छैन ।